annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २३, अंक ८७ पृष्ठ ८ | काठमाडौं, शनिबार १२ साउन २०८१ | साउन कृष्णपक्ष षष्ठी, नेपाल संवत् ११४४ | SATURDAY, JULY 27, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## विरासत फर्काउँदै वीर अस्पताल

१३५ वर्ष पुरानो मुलुकको जेठो वीर अस्पताल भुइँमान्छेदेखि भीआईपीसम्मको उपचारस्थल बनेको छ। १९४६ सालमा वीरशमशेर जबराद्वारा स्थापित अस्पतालले सर्वसुलभ रूपमा गुणस्तरीय एवं विशिष्टीकृत सेवा दिएर ऐतिहासिक विरासत फर्काउँदै छ। आजै अस्पतालको १३५औं वार्षिकोत्सव पनि परेको छ।

दिनेश गौतम | *काठमाडौं*

– को रिपोर्ट

**८ वर्षयता वीर अस्पतालमा उपचार का लागि आएका बिरामी संख्या**

| वर्ष | भर्ना भएका बिरामी | इमर्जेन्सी | बहिरंग विभाग |
|---|---|---|---|
| २०८०/०८१ | २०,०४५ | ३५,१३२ | ६,१९,७५९ |
| २०७९/०८० | १८,५२७ | ४२,३०६ | ५,२४,६५१ |
| २०७८/०७९ | १५,६३२ | ३७,४९८ | ३,७९,९८७ |
| २०७७/०७८ | ८,६२६ | २३,१८६ | १,८२,३४९ |
| २०७६/०७७ | १०,९४१ | ३८,५१० | २,९८,४४८ |
| २०७५/०७६ | १३,१५९ | ५६,८४० | ३,७८,९६१ |
| २०७४/०७५ | १२,३७९ | ४७,०३८ | ३,५४,५१७ |
| २०७३/०७४ | १२,१३८ | ४०,२४० | ३,८५,०१३ |

**१० वर्षयता वर्षयता वीर अस्पतालमा भएका शल्यक्रिया**

| वर्ष | जटिल शल्यक्रिया | मध्यम शल्यक्रिया | सामान्य शल्यक्रिया |
|---|---|---|---|
| २०८०/०८१ | ५,००९ | २,०५१ | १५,३२९ |
| २०७९/०८० | ४,३१८ | ४,०३८ | १३,९८३ |
| २०७८/०७९ | ३,३३३ | १,६९५ | ४,१०५ |
| २०७७/०७८ | १,८०९ | ७४९ | १,७७२ |
| २०७६/०७७ | २,७४७ | १,३३१ | ३,१५२ |
| २०७५/०७६ | ३,६१० | १,७०७ | २,१०० |
| २०७४/०७५ | ३,२११ | १,५९३ | १,६६९ |
| २०७३/०७४ | ३,१७५ | १,२३३ | १,५६२ |

*स्रोत : वीर अस्पताल*



समाचार पृष्ठ २

# लचिलो मौद्रिक नीति
## सेयर, निर्माण र बैंकिङ क्षेत्र उत्साहित



ममता थापा | *काठमाडौं*

सर्वत्र चासो थियो- मौद्रिक नीति कस्तो आउला? नहोस् पनि किन? दुई ठूला दल सत्तामा, झन्डै दुईतिहाइको सरकार। अनि, उनीहरूको घोषणा थियो- अर्थतन्त्र चलायमान बनाउने, देशलाई विकास र समृद्धितर्फ लैजाने। अर्को पनि चासो थियो- राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीको कार्यकालको अन्तिम मौद्रिक नीति थियो। त्यसैकारण सबैको ध्यान आर्थिक वर्ष २०८१/०८२ को मौद्रिक नीतिमा थियो। मूर्च्छित अर्थतन्त्रलाई पुनर्जीवन दिने मौद्रिक नीतिको अपेक्षा गरिएको थियो।

नेपाल राष्ट्र बैंकका गभर्नर अधिकारीले शुक्रबार मौद्रिक नीति सार्वजनिक गरे। 'सजगतापूर्वक' लचिलो मौद्रिक नीति ल्याए। केही नयाँ व्यवस्था ल्याए। केहीमा संशोधन/परिमार्जन गरे। सेयर बजार, निर्माण व्यवसायी तथा बैंक तथा वित्तीय संस्थाका लागि 'लचिलो नीति' घोषणा गरे।

अर्थतन्त्र चलायमान हुने र मुलुकमा विकासले गति लिने उद्घोष पनि गरे। सहज मूल्य र बाह्य क्षेत्रको स्थितिलाई मध्यनजर राखी अर्थतन्त्रलाई गतिशील बनाउन 'सजगतापूर्ण लचिलो मौद्रिक नीति'को कार्यदिशालाई निरन्तरता दिइएको गभर्नर अधिकारीले बताए। यद्यपि यसअघि नै उनले बजार अनुकूल लचिलो मौद्रिक नीति ल्याउने संकेत पनि दिएका थिए। हुन त उनको यो कार्यकालको अन्तिम वर्ष हो, यसैले पनि विवादित हुन चाहेनन्। अझ भन्नुपर्दा अहिलेको गठबन्धन सरकार, अर्थमन्त्री र गभर्नरको ट्युनिङ मिलेकाले लचिलो मौद्रिक नीति आउने आकलन गरिएकै थियो।

मुलुकको अर्थतन्त्रलाई गतिशील दिन आवश्यक थियो। यसका लागि उत्पादनशील क्षेत्रतर्फ कर्जा प्रवाह र कर्जाको गुणस्तर सुधारमा जोड दिँदै वित्तीय स्थायित्व कायम हुने गरी नियामकीय व्यवस्थाहरू तर्जुमा गरिएको छन्। समष्टिगत आर्थिक स्थायित्वमा प्रतिकूल असर नपर्ने गरी कर्जा प्रवाहलाई सहज बनाउन मौद्रिक नीति र नियामकीय नीतिहरूबीच तादात्म्यता कायम गरिएको गभर्नरको भनाइ छ। गभर्नर अधिकारीले भने, 'मौद्रिक नीतिको कार्यान्वयनबाट मूल्य तथा बाह्य क्षेत्र स्थिरता र वित्तीय स्थायित्व कायम भई समष्टिगत आर्थिक स्थायित्व प्रवर्द्धन हुने, वित्तीय मध्यस्थता प्रभावकारी हुने, वित्तीय समावेशीकरण बढ्ने, भुक्तानी प्रणाली थप आधुनिक, सुरक्षित र भरपर्दो हुने तथा नेपाल सरकारले लिएको आर्थिक लक्ष्य हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।'

केन्द्रीय बैंकले आर्थिक वर्ष २०५९/६० देखि प्रत्येक वर्ष मौद्रिक नीति जारी गर्दै आएको छ। 'अघिल्लो वर्ष जारी गरिएका नीतिगत व्यवस्थाको समीक्षा एवं चालु आर्थिक वर्षका लागि प्रस्तावित नीतिहरूको औचित्य र विश्लेषणसहित मौद्रिक नीतिका साथै नियामकीय, विदेशी विनिमय र भुक्तानी प्रणालीसँग सम्बन्धित नीतिगत व्यवस्थाहरू समावेश गरी आर्थिक वर्ष २०८१/०८२ को मौद्रिक नीति तर्जुमा गरिएको छ,' गभर्नर अधिकारीले भने।

मौद्रिक नीतिमा भएका परिवर्तन र संशोधित व्यवस्थाबाट सेयर लगानीकर्ता, निर्माण व्यवसायी र बैंकरले खुसी व्यक्त गरेका छन्। नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंह राष्ट्र बैंकले तीन वर्षअघि नै ल्याउनु पर्ने नीति बल्ल अहिले आएको बताउँछन्। पुँजीको अभाव झेलिरहेको निर्माण क्षेत्रले राहत महसुस गर्ने उनको भनाइ छ। नेपाल बैंकर्स संघका अध्यक्ष सुनील केसी एक वर्षयता अर्थतन्त्रमा देखिएका समस्या सम्बोधनका लागि मौद्रिक नीति सराहनीय भएको बताए।

यस्तै अर्का बैंकर नबिल बैंकका नायब प्रमुख कार्यकारी अधिकृत मनोज ज्ञवाली समग्रमा मौद्रिक नीति आफ्ना सीमाभित्र रहँदै बजार, व्यवसायी, बैंकिङ र सरकारको अपेक्षाअनुसार खुकुलो हुँदै आएको बताउँछन्। उनका अनुसार यसले आर्थिक क्षेत्रको मनोबल उठाउन सहयोग गर्नेछ।

बाँकी पृष्ठ ७

### निजी क्षेत्रमा देखिएका सबै समस्या मौद्रिक नीतिबाट मात्रै समाधान नहोला



**चन्द्रप्रसाद ढकाल**
अध्यक्ष
नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसीसीआई)

मौद्रिक नीतिका अधिकांश व्यवस्था स्वागतयोग्य छन्। तर सर्कुलर कसरी आउँछ भन्ने हो। सरसर्ती हेर्दा निर्माण व्यवसायी, बैंक र ऋणीहरूलाई सहज हुने हिसाबले मौद्रिक नीति आएको देखिन्छ। निजी व्यवसायीहरूका केही मागहरू सम्बोधन भएको देखियो। निर्माण क्षेत्र विशेष प्राथमिकतामा परेको छ। यसलाई राम्रो मान्नु पर्छ। कर्जा विस्तार पनि अघिल्लो वर्ष ५-६ प्रतिशत हाराहारीमा मात्रै भएको थियो। अहिले साढे १२ प्रतिशतको लक्ष्य छ। मौद्रिक नीतिले अहिलेको स्थिति सहज बनाउन खोजेको देखिएको छ। अझ निर्देशनले अब स्पष्ट पार्ला। निजी क्षेत्रमा देखिएका सबै समस्या मौद्रिक नीतिबाट मात्रै समाधान नहोला। यद्यपि मौद्रिक नीतिममार्फत हुने सहजता भने हाम्रो अपेक्षा नै हो।

### अर्थतन्त्र र बैंकिङ क्षेत्रमा भएको समस्या पहिचान गरेको छ



**सुनील केसी**
अध्यक्ष
नेपाल बैंकर्स संघ (एनबीए)

समग्रमा आवश्यकताको सम्बोधन भएको छ। विगत १ वर्ष, ६ महिनायता अर्थतन्त्रमा समस्या देखिएको छ। बजारमा माग घटेको छ। धेरैको आत्मविश्वास घटिरहेको छ। मौद्रिक नीति अलिकति खुल्ला रूपमा आएको छ। यसो हुँदा सबैलाई सकारात्मक सोच, मनोबल बढाउन मद्दत गर्ने देखेका छौं। यसले भोलिका दिनमा आर्थिक क्षेत्र चलायमान बनाउन बैंकिङलगायतका माध्यमबाट अघि बढ्न खोजिएको छ। बैंकिङ क्षेत्रमा अहिले मुख्यत: ३-४ ओटा समस्या छन्। तरलता घटबढ भइरहने, लगानीयोग्य पुँजी बढी भएको अवस्थामा कर्जावृद्धि भएको छैन। बैंकहरूको समग्र खराब कर्जाको आकार बढेको छ। अर्थतन्त्रमा आएको प्रभावका कारण बैंकको नाफा पनि लगातार घट्दै गएको छ। यस अवस्थामा राष्ट्र बैंकले मौद्रिक नीतिले अर्थतन्त्र र बैंकिङ क्षेत्रमा भएको समस्या पहिचान गरेको देखिन्छ।

## अस्ट्रेलियामा बर्सेनि ७ लाख टन खाना फालिन्छ

**क्यानबेरा** (सिन्ह्वा/रासस) : अस्ट्रेलियालीहरूले हरेक वर्ष सात लाख टन खाद्यान्न फाल्ने गरेको एक प्रतिवेदनले देखाएको छ। इन्ड फुड वेस्ट अस्ट्रेलिया (ईएफडब्लूए) द्वारा प्रकाशित प्रतिवेदनअनुसार अस्ट्रेलियालीहरूले दैनिक २ करोड ९० लाख डलरबराबरको खाना खेर फाल्छन्।

दक्षिण अस्ट्रेलियामा रहेको ईएफडब्लूएका प्रमुख कार्यकारी स्टिभन लापिजले यहाँ ३७ लाख घरपरिवारलाई टेबलमा खाना राख्न संघर्ष गरिरहेको समयमा प्रत्येक अस्ट्रेलियालीलाई दिउँसोको खाना उपलब्ध गराउन यो बर्बादी पर्याप्त रहेको बताए। अस्ट्रेलियालीहरूले प्रत्येक वर्ष बर्बाद गर्ने खानाको संयुक्त मूल्य ३६ अर्ब ६० करोड अस्ट्रेलियाली डलर (२४ अर्ब ३० करोड अमेरिकी डलर) रहेको प्रतिवेदनले अनुमान गरेको छ।

नयाँ प्रतिवेदन सन् २०२४ राष्ट्रिय खाद्य अपशिष्ट शिखर सम्मेलनको पूर्वसन्ध्यामा प्रकाशित गरिएको थियो। यसले मेलबर्नमा विश्वभरका विज्ञ र उद्योगका



नेताहरूलाई एकसाथ आमन्त्रण गर्दछ। लापिजले एक मिडिया विज्ञप्तिमा दुईदिने कार्यक्रम राष्ट्रिय रणनीति र सन् २०३० लक्ष्यको बीचको बीचमा बिन्दुमा आउने बताए। 'यो कठिन समय हो, जीवनको लागतको संकटले कार्यको आवश्यकतालाई तीव्ररूपमा ध्यान दिइरहेको छ। हामी सन् २०३० सम्ममा खाद्यान्नको बर्बादीलाई आधा गर्ने हाम्रो योजनाको आधा बाटोमा छौं। यो शिखर सम्मेलन महत्वपूर्ण छ', उनले भने।

## बज्ने छैन अब बिनायोको रिटिङ रिटिङ...

अन्नपूर्ण | *झापा*

*पूर्वेली झ्याउरे लोकभाकाको एउटा गीत नेपाली सांगीतिक दुनियाँमा सदा कर्णप्रिय छ-*
*रिटिङ रिटिङ नबजाऊ बिनायो*
*बिनायोले मन मेरो छिनायो*
*सान्नानी...*

त्यो लोकप्रिय गीतका गायक लक्ष्मीप्रसाद (एलपी) जोशीको ८८ वर्षको उमेरमा शुक्रबार दमकमा निधन भएको छ। नेपाली लोकसंगीतका प्रतिभाशाली गायक जोशी दमक-१ स्थित निवासमा बिहीबार साँझ बेहोस भएका थिए। तत्काल उपचारका लागि लाइफ लाइन अस्पताल लगिएका उनको त्यही अस्पतालमा निधन भएको हो।

जोशी जनस्तरमा 'लोकगीतका सम्राट्' उपाधिमा प्रख्यात थिए। पूर्वेली झ्याउरे लोकभाकाका प्रवर्तकमध्ये उनी एक मानिन्थे। उनले 'वल्लो खोलो पल्लो खोलो, कमिलाको गोलो हजुर', 'कान्छी मट्याङट्याङ', 'निगालो घारीमा च्याखुरा नाच्यो' लगायत दर्जनौं अमर गीत गाएका थिए।

उनी विसं १९९३ मा धनकुटा बजारमा जन्मिएका थिए। उनको प्रख्यात गीत 'रिटिङ रिटिङ नबजाऊ बिनायो' २०१७ सालमा रेकर्ड गरिएको थियो, जसले उनलाई सांगीतिक दुनियाँमा अब्बल साबित गराएको थियो। उनको सांगीतिक यात्राले पनि त्यहीँबाट तीव्र गति लिएको थियो।

जोशी बहुमुखी प्रतिभाका धनी थिए। उनी राम्रा चित्रकार थिए। 'हिजो आज भोलि' चलचित्रमा उनले भुवन चन्दसँग नायकको भूमिका निर्वाह गरेका थिए। उनले झन्डै १ दर्जन चलचित्रमा अभिनय गरेका थिए। तीमध्ये अधिकांशमा अभिनेता थिए।

'उहाँ घाँस दाउरा गर्ने भुइँमान्छेहरूको भावना टपक्कै टिपेर संगीतको लयमा ढाल्नुहुन्थ्यो,' उनको निधनमा शोक व्यक्त गर्दै सुसेली साहित्यिक परिवारका अध्यक्ष पुण्यप्रसाद खरेलले भनेका छन्, 'उहाँको निधनले नेपाली लोकसंगीत क्षेत्रमा अपूरणीय क्षति पुगेको छ।'

